# संविधान निर्माण प्रक्रियामा महिलाको भूमिका

**विषय प्रवेश**

समाजमा सम्मानपूर्वक जिउन पाउनु हरेक नागरिकको नैसर्गिक अधिकार हो । अहिले हामी नयाँ संविधानमार्फत् नागरिकको खोसिएको नैसर्गिक अधिकार स्थापित गराउने ऐतिहासिक मोडमा आइपुगेका छौं । पुरुषवादी चिन्तन, अर्धसामन्ती र अर्धपूँजीवादी राज्य संरचनाबाट सिर्जित विभेदका अनेक स्वरूपहरूको अन्त्य अहिलेको नयाँ संविधानको मूल मर्म हुनु आवश्यक छ । नेपालमा जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, राजनीतिक, आर्थिकलगायत अनेक किसिमका विभेदहरू विद्यमान छन् । यिनै विभेदका स्वरूपमध्ये लैङ्गिक विभेदबाट जनसंख्याको हिसाबले आधाभन्दा बढी हिस्सा ओगटेका महिलाहरू प्रभावित छन्, प्रताडित छन् । महिला अधिकारको मात्र नभई समग्र नागरिकको अधिकारको लागि राणाकालदेखि नै महिलाहरूले सशक्त रूपमा आवाज उठाएको भए पनि सामन्ती चिन्तनले जकडिएको पुरुषवादी चिन्तन हावी भइदिंदा त्यसले उचित सफलता पाउन सकेको छैन । महिलाहरू राणा शासनको विरुद्धमा उत्रिए, २०४६ सालको जनआन्दोलनमा प्रजातन्त्र पुनर्स्थापनाको लागि सशक्त रूपमा सडकमा उत्रिए र २०६२/६३ को जनआन्दोलनमा हरेक घरबाट महिलाहरू सडकमा उत्रिए, कयौं घाइते भए, सहादत प्राप्त गरे । सिंगो शासन व्यवस्था परिवर्तनका हरेक आन्दोलनमा आफूलाई सामेल गराएका हामी महिलाहरूलाई समान हिस्सेदारीबाट पाखा लगाइनु भने पक्कै पनि सह्य विषय हुनै सक्दैन ।

नेपालमा विद्यमान विभिन्न विभेदका स्वरूपहरूकै कारण एकातिर आफ्नै देशका नागरिक दोस्रो दर्जाको रूपमा रहनुपर्ने अवस्था आयो भने देशले लामो समय सशस्त्र युद्ध, अशान्तिको सामना गर्नुपऱ्यो । दसवर्षे द्वन्द्वले केही नकारात्मक प्रभाव पारेको भए पनि हामीसामु धेरै सकारात्मक पक्ष ल्याएको छ । राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, सीमित जाति र वर्गको नेतृत्वमा सञ्चालित राज्य-संरचनाको पुनर्संरचना, धर्मनिरपेक्ष राज्यको घोषणालगायतका विषय अगाडि आएका छन् । अहिलेसम्म महिलाहरु महिलाहरूको अधिकार प्राप्तिमा मात्रै केन्द्रित नभई जनहितविपरीत उभिएको सिंगो शासन व्यवस्थाको विरुद्धमा लागेका थिए । अहिलेसम्मको आन्दोलनले हामीलाई अधिकार प्राप्तिको आन्दोलनमा लाग्न एउटा बलियो आधारस्तम्भ खडा गरिदिएको छ । अबको हाम्रो आन्दोलन महिलाहरू तथा महिलाभित्र पनि सीमान्तकृत वर्गका महिलाहरूको अधिकार स्थापित गर्न र सम्मानित जीवन जिउन सक्ने अवस्था कायम गराउनतर्फ केन्द्रित छ ।

हामीले केही ऐतिहासिक उपलब्धी हासिल गरेको छौं, विभेदको गहिरो खाडल कम हुँदै गएको छ । २०५४ सालदेखि महिलाको स्थानीय निकायमा प्रतिनिधित्व सुनिश्चित भयो । यसले केही महिलालाई घरबाहिर निस्किन सक्ने वातावरण सिर्जना गरिदियो । २०६३ साल जेठ १६ गते तत्कालीन पुनर्स्थापित संसद्ले राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागितालगायत महिला अधिकारका पक्षमा महत्वपूर्ण प्रस्ताव पारित गऱ्यो । संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरियो र त्यसैको परिणामस्वरूप संविधानसभामा प्रत्यक्ष निर्वाचनबाट ३० जना, समानुपातिकतर्फबाट १६१ जना र मनोनीत गरी जम्मा १९७ जना महिलाहरू प्रत्यक्ष सहभागी भएर संविधान निर्माणको प्रक्रियामा जुटिरहेका छन् । यसका साथै राज्य सञ्चालन प्रक्रियाका हरेक निकायमा महिलाको कम्तीमा ३३ प्रतिशतको हिस्सेदारीका लागि महिलाहरूले आवाज उठाइरहेका छन् । यस अर्थमा हामीले अहिले अवसर त पाएका छौं नै, तर अवसरले हाम्रासामु अब बन्ने नयाँ संविधानमार्फत् आधा हिस्सा ओगटेका महिलाको अधिकार स्थापित गराउने गहन जिम्मेवारी र चुनौती पनि थपिदिएको छ । यो जिम्मेवारी र चुनौतीलाई आफ्नो पक्षमा पार्नका लागि समग्र महिला र त्यसमा पनि युवा वर्गको भूमिका अझै गहन बनेको छ ।

**समावेशीभित्रको समावेशीकरण**

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ ले उठाएका मुद्दामध्ये इतिहासमा शासकको नियतबस गल्तीका कारण राज्यद्वारा पाखा पारिएका समुदायको सहभागिता/प्रतिनिधित्वका लागि समावेशीको सिद्धान्तलाई अंगीकार गर्नु पनि हो । हुन पनि जागरुकता र राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रको आन्दोलनमा बढिरहेका महिलाहरूको सहभागिताकै कारण समावेशीकरणको अवधारणा एउटा उचाइमा पुगेको छ । राज्य समावेशीकरणको सिद्धान्तलाई अंगीकार गर्न बाध्य भएको छ । यो हामी सबै महिलाको लागि गौरवको विषय पनि हो । तर नेपालजस्तो सामाजिक, सांस्कृतिक, जातीय विविधता भएको देशमा समावेशीकरणको अवधारणाले सीमित वर्गका महिलाहरूलाई मात्रै फाइदा दिने हो कि भन्ने खतरा पनि बढ्दै गइरहेको छ । नेपाल अधिराज्यको संविधान २०४७ ले प्रतिनिधिसभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेद्वारहरूमध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनुपर्ने अनिवार्य गऱ्यो । त्यो पाँच प्रतिशत सीमित हुनेखाने वर्गका महिलाहरू तथा नेतृत्व सम्हालिरहेका पुरुषका आफन्त, नातागोतामा मात्रै केन्द्रित हुन पुगेको दृष्टान्त हामीसामु छर्लङ्ग छ । पितृसत्तात्मक सामाजिक संरचनाबाट निर्देशित हाम्रो जस्तो देशमा हरेक महिला लैङ्गिक विभेद सहन त बाध्य पारिएका छन् नै, त्यसमा पनि आफ्नो जात, भाषा, संस्कृति, धर्म, भूगोल तथा वर्गीय आधारमा गरिने विभेदले दोहोरो/तेहोरो विभेदमा पारेको छ । समावेशीकरणको सिद्धान्तले सही अर्थमा महिलाभित्र पनि सीमान्तकृत महिलाहरूलाई समेट्न सक्नुपर्छ र हामीजस्ता विभेदविरुद्ध सशक्त रूपमा सक्रिय महिलाहरूको आन्दोलन त्यतातिर बढी केन्द्रित हुनुपर्छ । महिला आन्दोलनले उनीहरूका समस्यालाई समेट्न सक्नुपर्छ ।

**नयाँ संविधानमा समेटिनुपर्ने महिलाका सवालहरू**

नेपाल भौगोलिक, जातीय, सांस्कृतिक, सामाजिक विविधता बोकेको देश हो । यहाँका महिलाहरू लैङ्गिक विभेद मात्रै होइन, केन्द्रीकृत र अर्धसामन्ती राज्यसंरचनाबाट सिर्जित अन्य विभेदहरूसमेत खेप्न बाध्य छन् । धर्म, जाति, भौगोलिक संरचनाका आधारमा महिलाहरूले भोग्नुपरेका विभेदका स्वरूप पनि फरक-फरक छन् । तसर्थ आम महिलाका सवालहरू र सीमान्तकृत महिलाका सवालहरूलाई भिन्दाभिन्दै केलाएर सम्बोधन गर्नुपर्ने देखिन्छ ।

**आम महिलाका सवालहरू**

*(तल उल्लेखित महिलाका मुख्य मुद्दाहरू विभिन्न क्षेत्रमा क्रियाशील महिलाहरू तथा संघ-संस्थाहरूसँगको छलफल र अन्तर्क्रियाबाट तयार पारिएका हुन् ।)*

- लैङ्गिक पूर्वाग्रही शब्द तथा एउटा लिङ्गको मात्र ध्वनी आउने शब्दहरूमा तटस्थता ल्याउनुपर्ने ।
- महिलाविरुद्ध भेदभावको परिभाषा महिलाविरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिले गरेका व्यवस्थाबमोजिम विस्तारित स्वरूपको हुनुपर्ने ।
- समानताको स्पष्ट परिभाषा हुनुपर्ने ।
- नागरिकतामा समानताको प्रत्याभूति हुनुपर्ने ।
- शोषणविरुद्धको हकको संरक्षण हुनुपर्ने ।
- महिलाउपर हुने हिंसाविरुद्धको हक मौलिक अधिकारको रूपमा रहनुपर्ने ।
- संस्कृति, परम्पराको आधारमा महिलामाथि हुने विभेद र हिंसा अन्त्य गर्ने व्यवस्था हुनुपर्ने ।
- सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार हुनुपर्ने ।
- घरमा गरेको कामको मूल्यांकन हुनुपर्ने ।

- प्रजनन् स्वास्थ्य तथा यौनिकताको अधिकारको संरक्षण हुनुपर्ने ।
- आर्थिक, सामाजिक अधिकारलाई मौलिक अधिकार उपचारात्मक व्यवस्थाअन्तर्गत राखिनुपर्ने ।
- निजी क्षेत्रमा हुने हिंसामा समेत राज्यलाई उत्तरदायी बनाउनुपर्ने ।
- धार्मिक स्वतन्त्रता हुनुपर्ने ।
- गोपनीयताको हकको संरक्षण हुनुपर्ने ।
- सूचनाको प्रत्याभूति हुनुपर्ने ।
- संविधानको मौलिक हकमा व्यवस्था गर्नुपर्ने हकहरू जस्तै स्वतन्त्रताको हक, जीवनको अधिकार, पेशा, व्यापारको हक, छुवाछुतविरुद्धको हक, छापाखानासम्बन्धी हक, वातावरण र स्वास्थ्यसम्बन्धी, शिक्षा तथा सांस्कृतिक सम्बन्धी हक, रोजगारीसम्बन्धी हक, सम्पत्तिसम्बन्धी हक, न्यायसम्बन्धी हक, यातनाविरुद्धको हक, निवारक नजरबन्दविरुद्धको हक, श्रमसम्बन्धी हक, देश निकालाविरुद्धको हक, संवैधानिक उपचारको हक हुनुपर्ने ।
- मानवअधिकारको दस्तावेजको मान्यताको स्पष्टता हुनुपर्ने ।
- अनुगमन तथा अधिकार कार्यान्वयनका संरचनाहरूमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्ने ।
- सहभागिताको समानुपातिक सुनिश्चितताका लागि समावेशी सिद्धान्तको कार्यान्वयनको क्षेत्र, समय, संख्या किटान गरिनुपर्ने ।
- पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिनुपर्ने ।
- राष्ट्रिय स्रोतसाधनमा महिलाको समान स्वामित्व हुनुपर्ने ।
- राज्यको शासकीय स्वरूपमा ५० प्रतिशत महिलाको सहभागिता हुनुपर्ने ।
- राज्यको प्रमुख राष्ट्राध्यक्ष र सरकार प्रमुख प्रधानमन्त्री हुने प्रावधान हुनुपर्ने ।
- सरकारी सेवा सञ्चालनमा महिलाको सहभागिता अत्यन्त न्यून भएकाले जनसंख्याको आधारमा ५० प्रतिशत सुनिश्चित हुनुपर्ने ।
- सुरक्षा निकायमा महिलाको समानुपातिक समावेशी सहभागिता सुनिश्चित हुनुपर्ने ।

**सीमान्तकृत महिलाका अपेक्षाहरू**

*(हुन त माथि लेखिएका आम महिलाहरूका मुद्दालाई संविधानमा समेटर अक्षरस पालना भएमा सीमान्तकृत महिलाको समस्या पनि समाधान हुन सक्ने देखिन्छ । तर प्रभावकारी कार्यान्वयन व्यवस्थाका लागि सीमान्तकृत महिलाहरूको दैनिक जीवनमा आधारित विषय अर्थात् उनीहरूको आपेक्षा र त्यसको सम्वेदनशीलतालाई बुझ्नु पनि त्यत्तिकै आवश्यक छ । यहाँनेर प्रस्तुत गरिएका सीमान्तकृत महिलाहरूका महत्वपूर्ण अपेक्षाहरू विभिन्न जिल्लाका अति विकट गाउँमा पुगेर संकलन गरिएका हुन् ।)*

- छुवाछुतको आधारमा गरिने विभेदको अन्त्य हुनुपर्ने ।
- एकल महिला हुनासाथ सेवा सुविधा उपलब्ध गराउनुपर्ने ।
- सम्बन्धित क्षेत्रका महिलाहरूका लागि छुट्ट्याइएको बजेट तथा सामग्री लक्षित समुदायमै वितरण गर्नुपर्ने ।
- आफ्नो इच्छाअनुसार सन्तान जन्माउन पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने ।

- रोजगारीको लागि सीपमूलक कार्यक्रम सञ्चालन गरिनुपर्ने तथा गाउँ स्तरमा सञ्चालन हुने विकासका कार्यक्रममा उनीहरूले नै रोजगारी पाउने व्यवस्थाको सुनिश्चितता गरिनुपर्ने ।
- घर नजिकै स्वास्थ्यचौकी निर्माण हुनुपर्ने ।
- अपाङ्गता भएकालाई राहतको व्यवस्था गर्नुपर्ने ।
- धेरै समय खर्चेर पानी बोक्नुपर्ने भएकोले पिउने पानीको लागि धारा निर्माण गरिदिनुपर्ने ।
- सहज कृषि सामग्रीको व्यवस्था हुनुपर्ने ।
- छाउपडी प्रथा उन्मूलन हुनुपर्ने ।
- बुर्का लगाउने तथा घुम्टो ओढ्ने प्रथाको अन्त्य हुनु पर्छ ।
- दाइजो प्रथाको अन्त्य हुनुपर्ने ।
- कृषि सामग्रीको सहज उपलब्धता तथा प्राविधिक ज्ञान दिनुपर्ने ।
- धामी, झाँक्री, बोक्सी प्रथा जस्ता कुरीति र अन्धविश्वासको अन्त्य गरिनु पर्ने ।
- उच्च शिक्षासम्म निःशुल्क अध्ययनको व्यवस्था हुनुपर्ने ।
- प्रजनन् स्वास्थ्यसम्बन्धी सेवाहरूमा दलित, मुस्लिम, आदिबासी जनजाति तथा अन्य पछाडि पारिएका महिलाहरूका लागि निःशुल्क सेवा उपलब्ध हुनुपर्ने ।
- सरसफाइको लागि चर्पीको व्यवस्था हुनुपर्ने ।
- चुनावमा आफूले मन लागेको पार्टीलाई/उम्मेद्वारलाई मतदान गर्न पाउनुपर्ने ।
- आफूले चाहेको जीवनसाथी रोज्न पाउनुपर्ने ।
- मुस्लिम समुदायमा महिलाको इच्छाविपरीत पुरुषले सजिलै सम्बन्धविच्छेद गर्न सक्ने भएकाले यस्तो व्यवस्थाको अन्त्य हुनुपर्ने ।
- सुकुम्बासी महिलालाई जग्गाको व्यवस्था हुनुपर्ने ।
- दलित बालबालिका कुपोषणबाट प्रभावित भएकोले पोषणयुक्त खानाको व्यवस्था गर्नुपर्ने ।
- बहुविवाह, बालविवाह,अनमेल विवाहलाई दण्डनीय अपराध मानी कडा सजाय गरिनु पर्ने ।
- अन्तरजातीय विवाहलाई ग्राह्यता दिनुपर्ने ।
- एकल महिलाको उमेर अनुसार समाज र घरपरिवारले पुनः बिबाह गरिदिनु पर्ने ।
- भुमिमा जस्को जोत त्यसैको पोत हुनु पर्ने ।
- विकास निर्माणका  पूर्वाधारहरू बिजुली, यातायात, सिंचाइ, पिउने पानीको व्यवस्था हुनुपर्ने ।

**संविधान निर्माण प्रक्रियामा महिलाको भूमिका**

हामीसँग अहिले ऐतिहासिक जिम्मेवारी छ । मुलुकमा पहिलोपटक संविधानसभामार्फत् संविधान लेख्ने अभ्यास भइरहेको छ । अब बन्ने संविधानले लैङ्गिकमैत्री शब्द प्रयोगदेखि लिएर मौलिक अधिकार, राज्यको नीति तथा निर्देशक सिद्धान्त, राज्य सञ्चालन प्रणाली, राज्यको पुनर्संरचनासँग सम्बन्धित महिला अधिकारका थुप्रै विषयहरू समेट्नुपर्ने आवश्यकता छ । नयाँ नेपालको नारालाई नयाँ संविधानले सही मानेमा अवलम्बन गर्न सक्नुपर्ने देखिन्छ । आगामी दिनमा महिलाले आफ्नो अधिकार खोज्न सक्ने संवैधानिक जग तयार गर्नका लागि यतिखेर महिलाहरूमाथि ठूलो चुनौती खडा भएको छ । यसका लागि हामी सबैले आ-आफ्नो ठाउँबाट

सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गर्नैपर्छ । बुँदागत रूपमा भन्ने हो भने यो ऐतिहासिक अवसरलाई महिलाहरूले आफ्नो पक्षमा पार्नका लागि तीनवटा क्षेत्रबाट सशक्त रूपमा आवाज उठाउनु आवश्यक छ ।

महिला सभासद्हरूले नयाँ संविधानमा महिलाका समस्यालाई कसरी सम्बोधन गर्न सकिन्छ भनेर ठूलो कसरत गर्नु अहिलेको आवश्यकता हो । सम्पूर्ण महिलाहरुको भाग्य निर्माण गर्ने ठूलो दायित्व विशेष गरी महिला सभासदहरूकै हातमा छ । राजनीतिक पार्टीको प्रभावशाली जिम्मेवारी सम्हालेका महिला नेतृहरूले पार्टीगत स्वार्थलाई त्यागेर सक्रिय रूपमा महिलाका मुद्दालाई उठाउनुपर्ने आवश्यकता छ भने अन्य महिला अधिकारकर्मीले गाउँस्तरसम्मका महिलाहरूका समस्या पहिचान गरी संविधान निर्माणका लागि बनेका विभिन्न समिति तथा राजनीतिक दलहरूलाई बारम्बार सचेत गराउनुपर्ने आवश्यकता छ । यो अवस्थामा तीनैवटा समूहको एउटै स्वर लैङ्गिकमैत्री संविधान बनाउनुतर्फ केन्द्रित हुनुपर्छ । संविधानसभाका विभिन्न समितिले तयार पारेको प्रारम्भिक मस्यौदा फेरि जनतासमक्ष जाँदैछ । त्यो समयमा महिलाका मुद्दालाई समावेश गराउनका लागि सक्रिय भूमिका आवश्यक छ ।

देशमा देखिएको राजनीतिक खिचातानी र दलहरूबीचको आरोप प्रत्यारोपका कारण संविधान निर्माण प्रक्रिया प्रभावित छ । निर्धारित समयमा संविधान निर्माण हुन सक्ने अवस्था देखिएको छैन । संविधान निर्माण कार्यतालिका फेरि संशोधन गर्नुपर्ने अवस्था देखिएको छ । यो अवस्थामा विशेष गरी युवाहरूले संविधान निर्माणको कामलाई सही बाटोमा हिंडाउनका लागि दबाबमूलक काम गर्नुपर्ने देखिन्छ । जनताको त्याग र बलिदानबाट प्राप्त लोकतन्त्रलाई संस्थागत गर्नका लागि जनता नै सक्रिय हुनुको विकल्प छैन । राजनीतिक पार्टीहरू यदाकदा धर्मराउन खोजेको देखिएको छ भने दलहरूकै प्रतिनिधित्व गरेर संविधानसभामा पुगेका सभासदहरू पार्टीकै प्रभावमा पर्न सक्छन् । यस्तो अवस्थामा युवाहरूको सक्रियता बढी देखिन्छ । समग्रमा भन्ने हो भने तीनवटै शक्तिबीच समन्वय, साझेदारी र विचार आदान-प्रदान गरी एकै स्वरमा अगाडि बढ्नुको अर्को विकल्प छैन ।

अबको राज्य संरचनाको स्वरूप कस्तो हुने र त्यसमा महिला स्थान कहाँ रहने भन्ने विषयमा गम्भीर चिन्तन गर्दै सुखद र मर्यादित भविष्यको लागि आफूलाई सक्रिय बनाउने जिम्मेवारी युवाहरूकै काँधमा छ । अर्कोतर्फ महिला आन्दोलन हुनेखाने वर्गका लागि नभएर सीमान्तकृत महिलाहरूमा बढी केन्द्रित हुनैपर्छ । तर समस्या के छ भने त्यो समुदायका महिलाहरूलाई आफ्नो दैनिक गुजाराका लागि घरबाट बाहिर निस्कने फुर्सदै छैन भने उनीहरूमा आफ्नो अधिकारका लागि लाग्नुपर्ने चेतनाको पनि कमी छ । यिनै समस्याका बीचमा पनि दबाब गाउँस्तरबाटै आउनु आवश्यक छ । यसका लागि गाउँगाउँका महिलाहरूले आफ्नो अधिकारका बारेमा चासो राख्दै अधिकार प्राप्तिका लागि अगाडि बढ्नु आवश्यक छ । केन्द्रीय तहमा रहेका महिला अधिकारकर्मीहरूले पनि गाउँस्तरका महिलाहरूको सम्वेदना र भावनालाई कदर गर्दै उनीहरूसँगको सहकार्य र सामूहिक आन्दोलनका लागि विशेष ध्यान दिनु जरुरी छ ।

**निष्कर्ष:**

यतिखेर हामी महिलाहरूले आन्दोलनलाई निरन्तरता दिनुको विकल्प छैन । महिलाहरूकै प्रत्यक्ष सहभागितामा संविधानसभामार्फत् संविधान निर्माण गर्ने वर्तमान ऐतिहासिक अवसरलाई आफ्नो पक्षमा पार्न महिलाहरू सक्रिय र सशक्त रूपमा लाग्नुको नै अहिलेको प्राथमिकताको विषय हो । सामन्तवादी संस्कृतिले थोपरेको सामाजिक उत्पीडन र लैंिक विभेदको मारमा परेका महिलाहरूले समान हिस्सेदारीको खोजीको लागि समावेशीकरणको सिद्धान्तलाई सशक्त रूपमा उठाउनु आवश्यक छ । यहाँनेर फेरि पनि जोड दिएर भन्नुपर्ने विषय के छ भने सामाजिक, सांस्कृतिक विविधताका कारण विशिष्ट पहिचान र विशेषता बोकेको नेपाली समाजका महिलाहरूका भिन्दाभिन्दै प्रकृतिका समस्या छन् । त्यसैले

महिलाभित्र पनि अत्यन्तै कष्टमय जीवन बिताउन विवश महिलाले समेत न्यायको महसुस गर्न सक्ने संविधान निर्माणको प्रयासमा जुट्नु अहिले समग्र महिला र त्यसमा पनि युवाहरूको गहन जिम्मेवारी बनेको छ ।

**सन्दर्भ सामग्रीहरू**


१. *दलित महिला संघको पहलमा विभिन्न जिल्लाहरुमा गरिएका सुझाव संकलनको आधारमा तयार पारिएका जिल्ला घोषणापत्रहरू*
२. *संविधानसभाले भावी संविधानमा महिला अधिकारको निमित्त उठाउनुपर्ने विषयहरू,* महिला कानुन र विकास मञ्च (FWLD) २०६५
३. *नयाँ बन्ने संविधानमा नागरिक समाजद्वारा संकलित महिलाका सवालहरू,* जागरण नेपाल
४. *राजनीतिमा महिला सहभागिता,* दिदीबहिनी/युनिफेम